**लोक सेवा आयोग**

**कर्मचारी सञ्चय कोष, प्रशासन, प्रशासन– पाँचौं, प्रमुख सहायक पदको आन्तरिक प्रतियोगितात्मक**

**लिखित परीक्षा, २०८३/०१/२१**

१. सबैभन्दा धेरै जिल्लाहरूसँग सिमाना जोडिएको नेपालको जिल्ला कुन हो ?

**A) सिन्धुली**
C) कास्की
B) मकवानपुर
D) उदयपुर

२. नेपालको मनसुनी वर्षा सामान्यतया ................

**A) पूर्वबाट प्रवेश गरी विस्तारै पश्चिमतर्फ सर्दै जान्छ ।**
C) व्यापारिक वायुले एकैपटक सबै क्षेत्रमा वर्षा गराउँछ ।
B) पश्चिम क्षेत्रबाट प्रवेश गरी विस्तारै अन्यत्र फैलिँदै जान्छ ।
D) ध्रुवीय वायुको कारणले पहाडी क्षेत्रमा बढी वर्षा हुने गर्दछ ।

३. नेपालको चौथो फलाम खानी कुन स्थानीय तहमा पर्दछ ?

A) बौदीकाली
C) धौवादी
B) बुलिङटार
**D) हुप्सेकोट**

४. तल दिइएका आयोजनाहरू मध्ये उत्पादन क्षमताका आधारमा ठूलो जलविद्युत आयोजना कुन हो ?

A) कालीगण्डकी
**C) माथिल्लो तामाकोशी**
B) रसुवागढी
D) कुलेखानी

५. समुद्र सतहबाट ६१० मिटरदेखि १८७२ मिटरसम्मको उचाइ भएको नेपालको पर्वतमालालाई के भनिन्छ ?

A) महाभारत श्रेणी
C) मध्यभूमि श्रेणी
**B) चुरे पर्वत**
D) सीमान्त हिमाली क्षेत्र

६. लेकाली हावापानी क्षेत्रको विशेषता तलका मध्ये कुन हो ?

A) प्रशस्त अन्न उत्पादन क्षेत्र
C) हिमाली मरुभूमि क्षेत्र
B) घना वनजङ्गल क्षेत्र
**D) विशाल घाँसे मैदान क्षेत्र**

७. नेपाल र अङ्ग्रेजबीच भएको सुगौली सन्धिमा नेपालको तर्फबाट कसले हस्ताक्षर गरेका थिए ?

A) गजराज मिश्र
**C) गजराज मिश्र र चन्द्रशेखर उपाध्याय**
B) चन्द्रशेखर उपाध्याय
D) अमरसिंह थापा

८. नेपालमा बहुदलीय व्यवस्थाको पुन:स्थापनापछि पहिलो आमनिर्वाचन कहिले भयो ?

A) वि.सं. २०४७ कार्तिक २३
C) वि.सं. २०४८ जेठ ३०
**B) वि.सं. २०४८ वैशाख २९**
D) वि.सं. २०४८ असार २८

९. तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राणा, नेपाली कांग्रेस र राजा त्रिपक्षीय दिल्ली सम्झौता कहिले भएको हो ?

A) वि.सं. २००७ माघ ९
**C) वि.सं. २००७ फागुन १**
B) वि.सं. २००७ माघ २९
D) वि.सं. २००७ फागुन २९



Gurumantra Academy

१०. द्रव्य शाहले गोरखा राज्यमा विजय प्राप्त गर्दा त्यहाँ कसको शासन थियो ?

**A) खड्का**

B) घले

C) मुसलमान

D) मल्ल

११. वंशावलीअनुसार गौतम बुद्ध कुन किराँत राजाको पालामा नेपाल आएका थिए ?

A) यलम्बर

B) हुमति

**C) जितेदस्ती**

D) स्थुङ्को

१२. तलका वाक्य मनन गर्नुहोस् र विकल्पबाट सही उत्तर छनोट गर्नुहोस् ।

क) मानदेवले मानाङ्क नामक मुद्रा चलाएका थिए ।

ख) मानदेवपछि उनका छोरा अहिदेव राजा भएका थिए ।

ग) मानदेवले मानगृह बनाइ त्यहाँबाट शासन चलाएका थिए ।

A) क र ख ठिक, ग बेठिक

**B) क र ग ठिक, ख बेठिक**

C) ख र ग ठिक, क बेठिक

D) क, ख र ग सबै ठिक

१३. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको लैङ्गिक अनुपात (१०० महिलामा पुरुषको संख्या) कति छ ?

A) ९५.९१

**B) ९५.५९**

C) ९५.८३

D) ९५.११

१४. नागरिक समाज अवधारणाको विकास कुन मुलुकबाट भएको थियो ?

**A) प्राचीन ग्रीस**

B) प्राचीन चीन

C) आधुनिक भारत

D) मध्यकालीन जापान

१५. आधुनिक नेपाल नेपालको कुन कविको चिनिने कृति हो ?

A) भानुभक्त आचार्य

B) लेखनाथ पौड्याल

**C) शम्भुप्रसाद ढुंगेल**

D) मोतीराम भट्ट

१६. राउटे जातिको मातृभाषा कुन हो ?

A) नेपाली

B) सादी

C) वायु

**D) खाम्ची**

१७. भगवान बुद्धको जन्मस्थल लुम्बिनीलाई कहिले विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो ?

A) सन् १९९१

B) सन् १९९५

**C) सन् १९९७**

D) सन् १९९९

Gurumantra Academy

१८. तलको तालिका हेरी सांस्कृतिक सम्पदाको सही जोडी मिलाउनुहोस् ।

| **समूह (अ)** | **समूह (आ)** |
|---|---|
| क) चाँगुनारायण मन्दिर | १) भूपतिन्द्र मल्ल |
| ख) पाटनको कृष्ण मन्दिर | २) मानदेव |
| ग) न्यातापोल मन्दिर | ३) प्रचण्डदेव |
| घ) पशुपतिनाथ मन्दिर | ४) सिद्धिपरसिंह मल्ल |

**A) क-२, ख-४, ग-१, घ-३**
B) क-१, ख-२, ग-३, घ-४
C) क-२, ख-४, ग-३, घ-१
D) क-४, ख-१, ग-२, घ-३

१९. नेपालमा प्राप्त विप्रेषण रकममध्ये सबैभन्दा धेरै रकम केमा खर्च हुने गरेको छ ?

A) शिक्षा
B) ऋण तिर्न
C) घरजग्गामा लगानी
**D) दैनिक उपभोग**

२०. आ.व. २०८०/८१ मा नेपालको आर्थिक वृद्धि कति प्रतिशत रहेको थियो ?

**A) ३.८७**
B) ३.९७
C) ४.९१
D) ५.७५

२१. नेपालको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान पुर्याउने क्षेत्रहरू क्रमशः कुन कुन हुन् ?

A) कृषि, उद्योग, सेवा
B) सेवा, उद्योग, कृषि
C) उद्योग, सेवा, कृषि
**D) सेवा, कृषि, उद्योग**

२२. सोह्रौँ योजनाको अन्त्यमा नेपालको प्रतिव्यक्ति राष्ट्रिय आय कति अमेरिकी डलर पुग्ने अनुमान रहेको छ ?

A) १,९९०
B) १,८४५
**C) २,३५१**
D) २,४९२

२३. नेपालको सबैभन्दा बढी व्यापार घाटा कुन देशसँग रहेको छ ?

A) अर्जेन्टिना
**B) भारत**
C) चीन
D) संयुक्त अरब इमिरेट्स

२४. किसानले बाली तथा पशुपन्छीको रु. ५० लाखसम्मको बीमा गर्दा बीमा प्रिमियमको कति प्रतिशत रकम अनुदान दिने व्यवस्था रहेको छ ?

A) ५०
B) ६०
**C) ८०**
D) ९०

२५. प्रदेश सरकारले प्रत्येक वर्ष कुन दिनमा आफ्नो बजेट प्रदेश सभामा पेश गर्नुपर्ने व्यवस्था छ ?

A) जेठ १५
**B) असार १**
C) असार १०
D) असार मसान्त

Gurumantra Academy

२६. सोह्रौँ योजनाको उद्देश्य तलका मध्ये कुन होइन ?

A) राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु

B) स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु

**C) प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण गर्नु**

D) मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु

२७. नेपालको संविधानबमोजिम संघका अधिकारको सूचीमा कति वटा बुँदा रहेका छन् ?

A) १५

B) २०

C) २५

**D) ३५**

२८. रोजगारीको हक कुन पुस्ताको मानव अधिकारअन्तर्गत पर्दछ ?

A) पहिलो

**B) दोस्रो**

C) तेस्रो

D) चौथो

२९. अन्तरप्रदेश परिषद्को अध्यक्ष को हुने व्यवस्था छ ?

**A) प्रधानमन्त्री**

B) राष्ट्रपति

C) गृहमन्त्री

D) सभामुख

३०. नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना कहिले भयो ?

A) वि.सं. २०६३ जेठ १५

B) वि.सं. २०६४ जेठ ११

**C) वि.सं. २०६५ जेठ १५**

D) वि.सं. २०६६ जेठ १५

३१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र संयुक्त राष्ट्रसंघ महासभाले कहिले पारित गऱ्यो ?

A) अक्टोबर २४, १९४५

**B) डिसेम्बर १०, १९४८**

C) अक्टोबर २४, १९४९

D) डिसेम्बर १०, १९५२

३२. सहकारीका सात सिद्धान्तमध्ये पहिलो सिद्धान्त कुन हो ?

A) अनुपातिक आर्थिक योगदान

B) नेतृत्वद्वारा प्रभावकारी नियन्त्रण

C) नाफाको सरोकार

**D) स्वेच्छिक तथा खुला सदस्यता**

३३. कर्मचारी सञ्चय कोषको खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने पदपूर्ति समितिको अध्यक्ष को हुने व्यवस्था छ ?

**A) लोक सेवा आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य**

B) कोषका प्रशासन विभागले तोकेको सहप्रशासक

C) अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा प्रमुख

D) नेपाल राष्ट्र बैंकको वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक

३४. कर्मचारी सञ्चय कोषमा कार्यरत कुनै कर्मचारीले आचरणसम्बन्धी कुरा बारम्बार उल्लंघन गरेमा के सजाय हुने व्यवस्था रहेको छ?

A) भविष्यमा कोषको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिन्छ।

**B) भविष्यमा कोषको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइन्छ।**

C) दुईदेखि पाँच तलब वृद्धि रोक्का गरिन्छ।

D) दुई वर्षसम्म बढुवा रोक्का गरिन्छ।

Gurumantra Academy

३५. नेपाल र जापानबीच औपचारिकरूपमा कूटनीतिक सम्बन्ध (दौत्य सम्बन्ध) कहिले स्थापना भएको हो ?

A) सन् १९५९ सेप्टेम्बर १

B) सन् १९५३ सेप्टेम्बर १

C) सन् १९५४ सेप्टेम्बर १

**D) सन् १९५६ सेप्टेम्बर १**

३६. संयुक्त राष्ट्रसंघ स्थापनाको सुरुवाती चार्टरमा हस्ताक्षर गर्ने ५१ मुलुकहरूमध्ये तलका मध्ये कुन पर्दैन ?

**A) जर्मनी**

B) चीन

C) बेलायत

D) संयुक्त राज्य अमेरिका

३७. दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (ASEAN) का संस्थापक राष्ट्र कति वटा रहेका छन् ?

A) ४

**B) ५**

C) ६

D) ७

३८. अठारौँ सार्क शिखर सम्मेलनमा नेपालको तर्फबाट कसले भाग लिएका थिए ?

A) शेरबहादुर देउवा

B) पुष्पकमल दाहाल

C) के.पी. शर्मा ओली

**D) सुशील कोइराला**

३९. BIMSTEC को मुख्य उद्देश्य देहायका मध्ये कुन हो ?

A) सैन्य गठबन्धन कायम गर्नु

B) साझा मुद्राको विकास गर्नु

C) पर्यटन, ऊर्जा र आणविक क्षेत्रमा सहकार्य गर्नु

**D) व्यापार, प्रविधि र आर्थिक वृद्धिमा क्षेत्रीय सहयोग प्रवर्द्धन गर्नु**

४०. कम्प्युटरमा प्रयोग हुने PDF को पूरा रूप के हो ?

A) Protected Document Format

B) Personal Device File

**C) Portable Document Format**

D) Public Domain File

४१. भिटामिन B1 को कमीले लाग्ने रोग तलका मध्ये कुन हो ?

A) स्कर्भी

**B) बेरीबेरी**

C) रतन्धो

D) मधुमेह

४२. तल दिइएका आविष्कार र तिनका आविष्कारकबीच जोडा मिलाई कोडबाट सही उत्तर छनोट गर्नुहोस् ।

| आविष्कार | आविष्कारक |
|---|---|
| क) हेमोडाइलाइसिस मेसिन | १) हेनरी केभीन्डस |
| ख) कृत्रिम जिन | २) विलियम जोन कोफ |
| ग) एयर पम्प | ३) जोहानेस गुटेनवर्ग |
| घ) छापाखाना | ४) ओटो भोन गुरिक |
| | ५) हरगोबिन्द खुराना |

A) क-१, ख-३, ग-५, घ-४

B) क-२, ख-१, ग-३, घ-४

C) क-२, ख-४, ग-५, घ-१

**D) क-२, ख-५, ग-४, घ-३**

Gurumantra Academy

४३. साबुन उत्पादन गर्दा उप-उत्पादन (by-product) को रूपमा कुन रासायनिक (Compound) उत्पादन हुन्छ ?

A) Ethanol
C) Methanol
**B) Glycerol**
D) Acetone

४४. दिगो विकासको लक्ष्य नम्बर १३ कुन विषयसँग सम्बन्धित छ ?

A) पानीको दिगो व्यवस्थापन
C) वनको दिगो व्यवस्थापन
B) जैविक विविधता
**D) जलवायु परिवर्तन**

४५. Global Finance Magazine द्वारा प्रदान गरिने Best Bank Award 2025 बाट सम्मानित हुने बैंक कुन हो ?

A) नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.
C) नबिल बैंक लि.
B) सिटिजन्स बैंक इन्टरनेशनल लि.
**D) ग्लोबल आइएमई बैंक लि.**

४६. प्रतिनिधि सभा निर्वाचन, २०७९ मा प्रत्यक्ष निर्वाचन प्रणालीबाट कतिजना महिला निर्वाचित भएका छन्?

A) २०
**C) १४**
B) १६
D) १०

४७. भेनेजुएलाका राष्ट्रपति निकोलस मुदुरोलाई सन् २०२६ को कुन महिनामा संयुक्त राज्य अमेरिकाले नियन्त्रणमा लिई बन्दी बनायो ?

**A) जनवरी**
C) मार्च
B) फेब्रुअरी
D) अप्रिल

४८. "Sapiens: A Brief History of Humankind" पुस्तकका लेखक को हुन् ?

A) Naom Chomsky
C) David Graeber
**B) Yuval Noah Harari**
D) Elon Musk

४९. टाइम्स पत्रिकाले सार्वजनिक गर्ने विश्वका १०० प्रभावशाली व्यक्तिहरूको सूचीमा पहिलोपटक समावेश हुने नेपालको प्रधानमन्त्री को हुन् ?

A) कृष्णप्रसाद भट्टराई
**C) बालेन्द्र शाह**
B) सुशील कोइराला
D) पुष्पकमल दाहाल

५०. सन् २०२६ को ९८ औँ एकेडेमी अवार्डमा उत्कृष्ट चलचित्र (Best Picture) को पुरस्कार कुन चलचित्रले प्राप्त गर्‍यो ?

**A) One Battle After Another**
C) Anora
B) Sinners
D) Hamnet

**समाप्त**

**सफलताको शुभकामन**

Gurumantra Academy